# आर्थिक वर्ष २०७५/७६को
# बजेट तथा कार्यक्रम

विहादी  गाउँपालिका

पर्वत, जिल्ला

प्रदेश नं ४

२०७५

आदरणीय अध्यक्ष ज्यू एवं सदस्य ज्यूहरु,

१. सर्वप्रथम म संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि नेपाली जनताले गरेका बलिदानीपुर्ण आन्दोलन, लगायत अन्य सबै आन्दोलनमा जीवनउत्सर्ग गर्नु हुने सम्पुर्ण ज्ञात अज्ञात सहिदहरुप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु ।

२ स्थानीय सरकारको निर्वाचन पश्चात् नागरिकले आफ्नो नजिकको सरकार मार्फत सार्वभौम अधिकारको उपयोग गरिरहेका छन् । नागरिकका वास्तविक आवश्यकताको पहिचान गरी तिनीहरुलाई संवोधन गर्न विहादी गाउँकार्यपाकिला क्रियाशील छ । मागमा आधारित कार्यक्रमको कार्यान्वयनवाट विकासमा नागरिकको अपनत्व र स्वामित्व स्थापना हुन्छ । विकासमा दीगोपना आउँछ, विकासमा जनसहभागिता अभिवृद्धी हुन्छ । सवै नागरिकहरुको साथ, समर्थन र सहयोग मार्फत विहादी गाउँकार्यपाकिलाको आगामी आर्थिक वर्ष २०७५।०७६ को प्रस्तावित वजेट तथा कार्यक्रम यस सम्मानित सभा समक्ष प्रस्तुत गर्न पाँउदा मलाई खुसी लागेको छ ।

अब म , चालु आ.व. ०७४।०७५ को वार्षिक बजेट प्रस्तुत गर्दछु:

| सि.न. | विवरण | यो महिना सम्मको जम्मा |
|---|---|---|
| १ | वित्तिय समानीकरण अनुदान | १११,३२१,०२८।५० |
| २ | शर्शत अनुदान | १०६,७४३,०००।०० |
| ३ | आन्तरिक श्रोत | ८४२,०९२।२१ |
| ४ | वास ३६५८२१४ | १०,९२९,५००।०० |
| ५ | वास ३६५८२१३ | २,६२१,५००।०० |
| ६ | सामाजिक सुरक्षा | ३५,७७५,३००।०० |
| ७ | lgcdp ३६५८१९३ | ५५४,०००।०० |
| ८ | lgcdp ३६५८१९४ | ६००,०००।०० |
| | जम्मा | २६९,३८६,४२०।७१ |

चालु वर्ष योजना सम्झौता र पेश्की दिन वडा वडामा जाने कार्य भएको, जनप्रतिनिधि र कर्मचारी सबैबाट योजना कार्यान्वयनमा अग्रसरता देखाइएको हुदां पुजिगत बजेट असी प्रतिशत भन्दा बढी खर्च हुने स्थिति छ। साथै, राजस्व अनुमान छ लाख गरिएकोमा आठ लाख बयालिस हजार बयानब्बे रुपैया असुल भई लक्ष्य भन्दा बढी राजस्व असुल भईसकेको छ।

**आगामी आर्थिक वर्षको वजेटको सोच तथा लक्ष्य**

**१ दीगो, समन्यायीक, समावेशी हासिल गर्ने।**

**२ आफ्नो अधिकार प्रति सचेत र कर्तव्य प्रति जागरुक नागरिक मार्फत गाउँपालिकाको सर्वाङ्गीण विकास गर्ने।**

**३ उपलब्ध साधन स्रोत र अवसरको न्यायोचित वितरण, दीगो विकासमा आधारित पूर्वाधार निर्माण, विकासमा सवै साझेदारहरु सँग सहकार्य, समन्वय तथा सहयात्रा, सवै क्षेत्रमा सुशासनको प्रत्याभूति गर्ने दिशामा वजेट केन्द्रीत रहेको छ।**

**सभाध्यक्ष महोदय,**

**नेपालको संविधानको मर्म र भावना, स्थानीय सरकार संचालन ऐन, २०७४, दिगो विकास लक्ष, चौधौं आवधिक योजना, बिहादी गाउँ कार्यपालिका तथा गाउँसभा बाट पारित ऐन, नियमावली तथा कार्यविधिहरु, स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ बमोजिम यस सभासमक्ष आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम तय गरेको छु ।**

**४ विहादी गाउंपालिकाको सर्वाङ्गीण विकासका लागि विविध चुनौतिहरु रहेको पाइन्छ। विहादी गाउंपालिकाका विद्यमान चुनौतिहरु यस प्रकार प्रस्तुत गरेको छु।**

- **कठीन भौगोलिक अवस्था र छरिएको वस्ती**

- उत्पादनशील जनशक्तिको पलायन
- भौतिक पूर्वाधारको न्यूनता
- सार्वजनिक निर्माण कार्यमा जनसहभागिता
- सवै शासकीय साझेदारहरुको सामाजिक उत्तरदायित्व सिर्जना
- समग्र शासन प्रकृयामा सुशासन कायम गरी पूर्ण नागरिक सन्तुष्टि प्रदान

५ प्रस्तुत चुनौतिहरुको वावजुत पनि निम्न सवल पक्षहरुको विद्यमानताले यी चुनौतिहरुको न्यूनीकरणमा सहयोग पुग्ने अपेक्षा गरेको छु ।

- विकास प्रति नागरिकको सकरात्मक सोच , धारणा तथा मान्यता
- भौगोलिक, साँस्कृतिक एवं जैविक विविधताको अनुपम संगम
- रेमिट्यान्स पर्याप्त भित्रिने भएकोले गाउँको सर्वाङ्गीण विकासमा उपयोग
- वैदेशिक रोजगारवाट प्राप्त नविनतम ज्ञान, सीप, प्रविधि तथा प्रवृत्तिको समाज विकासमा उपयोग,
- सामाजिक ऐक्यवद्धता, भाइचारा एवं सद्भाव

६ आर्थिक वर्ष २०७५।०७६ का वजेटका उद्धेश्यहरु निम्नानुसार छन् :

- समावेशी, समन्यायीक, तथा नागरिक केन्द्रीत विकास मार्फत नागरिक खुसी तथा सुखीपनको सिर्जना
- लक्षित कार्यक्रम ,पूर्वाधार विकास तथा सामाजिक विकास मार्फत दीगो रुपमा गरिवी निवारण
- लुप्त अवस्थामा रहेका प्राकृतिक स्रोत साधन, मानवीय संभावना तथा सामाजिक पूंजीको पहिचान, विकास तथा गाउंपालिकाको सर्वाङ्गीण विकासमा उपयोग

- **प्राप्त रेमिट्यान्सको उत्पादनशील क्षेत्रमा उपयोग**
- **सुरक्षित, गुणस्तरीय तथा नागरिकमैत्री सुन्दर विहादीको निर्माण**
- **सेवाग्राहीमैत्री सेवा वितरण प्रणालीको स्थापना र मुस्कान सँगै सेवा मार्फत शासकीय प्रणालीमा सुशासन कायम**

**७ प्रस्तुत गरिएका उद्धेश्यहरुको व्यवहारिक रुपान्तरणका लागि वजेटका निम्न प्राथमिकताहरु निर्धारण गरेको छु :**

- **शिक्षा,स्वास्थ्य लगायत समग्र सामाजिक समावेशीकरण र लैंगिक समानता जस्ता क्षेत्रको पूर्वाधार विकास**
- **सडक, खानेपानी, सिंचाई जलविद्युत जस्ता प्रमुख पूर्वाधार क्षेत्रको विकास**
- **कृषि क्षेत्रको आधुनिकीकरण, विविधिकरण, यान्त्रिकरण र व्यावसायिकीकरण**
- **नागरिकका आधारभूत आवश्यकताको परिपूर्ति**
- **पर्यटन तथा साँस्कृतिक पूर्वाधारको विकास तथा प्राकृतिक स्रोतसाधनको महत्तम र दिगो उपयोग तथा वातावरण संरक्षण र विपद् व्ययस्थापनमा शिघ्र सम्वोधन,**
- **स्थानीय सरकारको शासन व्यवस्थापनमा सुशासनको प्रत्याभूति**

**सभाध्यक्ष महोदय,**

**अव म प्रस्तुत चुनौति, उद्धेश्य र प्राथमिकताको आधारमा रहेर "पुर्वाधार, कृषि, पर्यटन प्रर्वद्धन सहितको सम्मुन्नत विहादी" भन्ने नारालाई व्यवहारिक रुपान्तरण गर्न विहादी गाउँकार्यपाकिलाको अर्थिक वर्ष २०७५।०७६ को वजेट तथा कार्यक्रममा समावेश भएका विशेष कार्यक्रमका साथै कार्यक्षेत्रगत व्यय प्रस्तुत गर्दछु ।**

१) कृषिको विविधिकरण, व्यावसायिकरण, यान्त्रिकरण र आधुनिकीकरण कार्यका लागि प्राथमिकता साथ यथेष्ट बजेट विनियोजन गरिएको छ ।

२) एक घर एक धाराको माध्यमबाट खानेपानी सेवा पुर्‍याउन गाउंपालिकापालिकाको बजेट तथा समपुरक अनुदानबाट सचालन गर्ने गरी बजेट छुट्टाइएको छ ।

३) शैक्षिक गुणस्तर अभिवृद्धिका लागि शिक्षा विकासलाई प्राथमिकतामा राखिएको छ ।

४) प्राकृतिक स्रोत र सम्पनताको हिसाबले विहादी गाउंपालिकापालिका अग्रस्थानमा रहेको छ । यस क्षेत्रका वन, जडिबुटी, पशुपंक्षी, प्राकृतिक स्रोत, खानी आदिको समुचित उपयोग गर्दै संरक्षण र सम्बर्द्धनका लागि बजेटको व्यवस्था गरेको छु ।

५) मूख्य सडकको स्तरोन्नति गर्ने कार्यका लागि आवश्यक बजेट विनियोजन गरिएको छ ।

६) संस्थागत सुधार, वडा कार्यालय भवन र गाउंकार्यपालिका कार्यालयको कार्यालय भवन निर्माणका लागि यथेष्ट बजेट विनियोजन गरिएको छ ।

७) समृद्ध राष्ट्र निर्माणमा प्रविधिको महत्वपूर्ण भुमिका रहन्छ । प्रविधिको उपयोग गर्दै सार्वजनिक सेवालाई सहज, सरल र जनमैत्री बनाउन तर्फ बजेट विनियोजित छ ।

# कार्यक्षेत्रगत व्यय अनुमान

आ.व.२०७५/७६ अनुसूची-५

रु. हजारमा

| संकेत नं. | शीर्षक | आ.व.२०७५/७६ अनुमान रु हजारमा | प्रतिशत |
|---|---|---|---|
| **१०** | **आर्थिक विकास** | १०३५० | १०.९३ |
| १०१० | कृषि | ५००० | |
| १०२० | उद्योग तथा वाणिज्य | १०० | |
| १०३० | पर्यटन | १७०० | |
| १०४० | सहकारी | १८०० | |
| १०५० | वित्तीय क्षेत्र | ५० | |
| १०६० | पशु विकास | १७०० | |
| **२०** | **सामाजिक विकास** | २२००० | २३.२३ |
| २०१० | **शिक्षा** | ६५०० | |
| २०२० | **स्वास्थ्य** | १५०० | |
| २०३० | **खानेपानी तथा सरसफाइ** | ६००० | |
| २०४० | **संस्कृति प्रवर्द्धन** | ६०० | |

| | | | |
|---|---|---|---|
| २०५० | **खेलकुद तथा मनोरञ्जन** | ६०० | |
| २०६० | **लैंगिक समानता तथा सामाजिक समावेशीकरण** | १००० | |
| २०७० | बालमैत्री कार्यक्रम | ८०० | |
| २०८० | सामाजिक विकासका पुर्वाधारका निर्माणका लागि माथिका क्षेत्रका लागि सम्पुरक अनुदान | ५००० | |
| **३०** | **पूर्वाधार विकास** | ३९३०० | ५१.४२ |
| ३०१० | **स्थानीय सडक, पुल तथा झोलुङ्गेपुल** | २७००० | |
| ३०२० | सिंचाई | ४३०० | |
| ३०३० | भवन तथा सहरी विकास | ५७०० | |
| ३०४० | **उर्जा, लघु तथा साना जलविद्‌युत (वैकल्पिक उर्जा समेत)** | २००० | |
| ३०५० | सञ्चार | ३०० | |
| **४०** | **वातावरण तथा विपद व्यवस्थापन** | १७०० | १.८० |
| ४०१० | वन तथा भु-संरक्षण | १०० | |
| ४०२० | जलाधार संरक्षण | १०० | |
| ४०३० | **वातावरण संरक्षण, जलवायु परिवर्तन** | १०० | |
| ४०४० | **फोहरमैला तथा ढल व्यवस्थापन** | १०० | |
| ४०५० | जलउत्पन्न प्रकोप नियन्त्रण | ३०० | |
| ४०६० | विपद व्यवस्थापन | १००० | |
| **५०** | **संस्थागत विकास, सेवा प्रवाह र सुशासन** | ११९५३ | १२.६२ |
| ५०१० | सामान्य सेवा | ९०० | |
| ५०२० | सुरक्षा व्यवस्थापन | १०० | |
| ५०३० | सूचना प्रविधि | ९०० | |
| ५०४० | पञ्जिकरण व्यवस्थापन | १०० | |

| | | | |
|---|---|---|---|
| ५०५० | स्थानीय तथ्याङ्क संकलन र अभिलेख व्यवस्थापन | १०० | |
| ५०६० | सुशासन प्रवर्द्धन | ५०० | |
| ५०७० | अनुसन्धान तथा विकास | ६०० | |
| ५०८० | सवारी साधन खरिद | ८३५३ | |
| ५०९० | **मोवाइल एप्स निर्माण र राजपत्र प्रकासन** | ४०० | |
| | जम्मा | ८५३०३ | |

सि.नं. ३010 को स्थानीय सडक पुल शिर्षकबाट वडा समितिको सिफारिसका आधारमा गाउंकार्यपालिकाबाट निर्णय भएबमोजिमका विकास कार्यक्रममा प्रति वडा रु. ३0,00,000। अक्षररुपी तीस लाखका पुर्वाधार निर्माणका कार्यका लागि वडागत बजेट बांडफाड गरिनेछ । बांकी रकम र माथिका सबै रकम गाउंकार्यपालिकाको निर्णय बमोजिम तोकिएका कार्यक्षेत्रगत व्यय शिर्षकमा विनियोजन हुनेछ ।

**आ.व.७४/७५ का क्रमागत योजना सम्बन्धमा :**

आर्थिक वर्ष ७४/७५ का निम्न योजनाहरु मात्र क्रमागत मानी अन्य योजनाहरुको जे जति पेश्की दिइएको छ सोही बराबरको काम गराई फरफारक गर्ने निर्णय गरियो ।

**आ.व.७५/७६ का लागि बिनियोजित रकम**

| **क्र.सं.** | **कार्यक्रम/आयोजनाको नाम** | **विनियोजित रकम रु हजारमा** | **श्रोत** |
|---|---|---|---|
| १ | बाच्छा वडा भवन का लागि जग्गा खरिद | १,९०० | वित्तीय समानीकरण |
| २ | गाउंकार्यपालिका कार्यालयको लागि जग्गा खरिद तथा भवन व्यवस्थापन | २,२८० | १३०० वित्तीय समानीकरण र बांकी गत वर्षको आन्तरिक राजस्व |
| ३ | रानीपानी वडा भवन निर्माण | १,४२५ | वित्तीय समानीकरण |
| ४ | सर्वे डिजाइन इस्टिमेट एकिकृत योजना तयार गर्ने साविक ३,४,५ वडाको | ४७५ | |
| ५ | आम्वारी मा.वि.भवन निर्माण | २७५ | |
| ६ | सार्वजनिक निर्माण | ३,०४५ | |
| **जम्मा** | | ९४०० | |

आगामी आर्थिक वर्षका लागि यस वर्षको सञ्चित कोषबाट बांकी हुने अनुमान गरिएको उपरोक्त रकम थप घट भएमा सार्वजनिक निर्माण शिर्षकमा थप घट भई बजेट कायम हुनेछ ।

सभाध्यक्ष महोदय,

उपरोक्त कार्यक्षेत्र व्यव र कार्यक्रम कार्यान्वयन गर्नका लागि अब म आ.व. ०७५।७६ को आय व्ययको अनुमानित विवरण यस सम्मानित सभामा पेश गर्ने अनुमति चाहन्छु ।

**आय तर्फ :**
नेपाल सरकार बाट प्राप्त **वित्तिय समानीकरण अनुदान** तर्फ रु ६,००,००,०००।- (६ **करोड**), **सशर्त अनुदान** रु.१२,६३,००,०००।- **(१२ करोड, ६३ लाख) प्रदेश सरकारबाट प्राप्त वित्तिय समानीकरण अनुदान** तर्फ रु १,१२,४७,०००।- (१ **करोड १२ लाख ४७ हजार**),सवारी साधन कर बाँडफाँटको हिस्सा बाट रु. १७,१४,३९८। ( १७ लाख १४ हजार तीन सय अन्ठानब्बे रुपैया मात्र ) **गाँउपालिकाको संचित कोषमा बाँकी रकम** रु.१,१४,००,०००।- (१ करोड १४ लाख ) **आन्तरिक आय तर्फ कर, सेवा शुल्क र दस्तुर, राजश्व बाँडफाँड र रोयल्टी** समेत जम्मा रु. २०,००,६०२।- (**२० लाख ६ सय दुई** ), गरी जम्मा **कूल आय** रु. २५,१०,०३,०००।- ( **२५ करोड १० लाख ३ हजार मात्र**)अनुमान गरिएको छ ।

**व्यय तर्फ**

**चालु खर्च तर्फ :**
**सर्शत अनुदानको चालु खर्च रु.१२,६३,००,०००। र प्रशासनिक व्यय रु. ३,००,००,०००। समेत गरी जम्मा रु. १५,६३,००,०००। (पन्ध्र करोड त्रिसठी लाख मात्र) अनुमान गरिएको छ ।**

**पुजिगत व्यय तर्फ :**
**पुजिगत कार्यक्रम तर्फ रु. ९,४७,०३,०००। -९ करोड ४७ लाख ३ हजार रुपैया मात्र अनुमान गरिएको छ ।**

# आय व्ययको विवरण

आ.व.२०७५/७६

अनुसूची-१

रु. हजारमा

| | शीर्षक | आ.व. २०७३/७४ को यथार्थ | आ.व. २०७४/७५ को संशोधित अनुमान | आ.व. २०७५/७६ को अनुमान |
|---|---|---|---|---|
| **आयः** | | | **२१७२४२.०९२०** | **२५१००३.००** |
| | **राजस्वः** | | **८४२.०९** | **४२०५६.००** |
| | आन्तरिक राजस्व | | ८४२.०९ | २०००.६० |
| | राजस्व बाँडफाँडबाट प्राप्त रकम | | | ३८३४१.०० |
| | **अन्य आय** | | | |
| | क. सवारी साधन कर वांडफांट | | | १७१४.४० |
| | **अन्तर सरकारी वित्तीय हस्तान्तरण** | | **२१६४००.००** | **२०८९४७.००** |
| | नेपाल सरकारबाट प्राप्त | | | |
| | क. वित्तीय समानीकरण अनुदान | | १०३२५०.०० | ६००००.०० |
| | ख. सशर्त अनुदान | | १०६७४३.०० | १२६३००.०० |

| | | | | |
|---|---|---|---|---|
| | प्रदेस सरकारबाट प्राप्त | | | |
| | क. वित्तीय समानीकरण अनुदान | | | ११२४७.०० |
| | गत वर्षको मौज्दात ( सञ्चित कोष) | | ६४०७.०० | ११४००.०० |
| | अन्तर स्थानीय तहबाट प्राप्त | | | |
| **व्ययः** | | | | **२५१००३.००** |
| | चालु खर्च | | | १५६३००.०० |
| | पूँजिगत खर्च | | | ९४७०३.०० |
| **अन्तिम बजेट बचत (+)/न्यून (-)** | | | | |

आर्थिक वर्ष ७४/७५ को आषाढ २२ गतेसम्मको निम्न चालु खर्च अनुमोदन गरियो ।

श्री

विहादी गाउपालिका

**गाउकार्यपालिकाको कार्यालय, वहाकीठाटी, पर्वत**

**खर्चको फांटवारी**

# २०७५ आषाढ २२ सम्मको

**आर्थिक बर्ष ०७४/७५**

**बजेट अनूदान वा उपशीर्षक नम्बर**

**बजेट शीर्षक वा उपशीर्षकको नाम २६३११ वित्तीय समानीकरण चालू**

| **आषाढ सम्मको खर्च** | **आषाढ सम्मको निकासा** | **खर्चरवित्तीय संकेत नम्ब** | **खर्चरवित्तीय शीर्षक** | **बार्षिक बजेट** | **आषाढ २२ महिनासम्मको खर्च** | **बजेट बाकी** |
|---|---|---|---|---|---|---|
| ४,५६७,४०७ | ५,०९७,६०३ | २१,१११ | तलब | ५,०९७,६०३ | ४,५६७,४०७ | ५३०,१९६ |
| ४,१७३,००० | ४,१७३,००० | | पदाधिकारी पारिश्रमिक | ४,१७३,००० | ४,१७३,००० | |
| १०१,६१२ | २४०,८४० | २१,११२ | स्थानिय भत्ता | २४०,८४० | १०१,६१२ | १३९,२२८ |
| ११८,५०० | ३२४,००० | २१,११३ | महंगी भत्ता | ३२४,००० | ११८,५०० | २०५,५०० |
| १,१०५,६०० | २,७१७,००० | २१,११९ | अन्य भत्ता | २,७१७,००० | १,१०५,६०० | १,६११,४०० |
| १५०,००० | २०२,५०० | २१,१२१ | पोषाक | २०२,५०० | १५०,००० | ५२,५०० |
| २५,८९७ | २००,००० | २२,१११ | पानी तथा बिजूली | २००,००० | २५,८९७ | १७४,१०३ |
| ३१७,७६४ | ६००,००० | २२,११२ | संचार महशूल | ६००,००० | ३१७,७६४ | २८२,२३६ |
| २८१,१११ | ९००,००० | २२,१२१ | घर भाडा | ९००,००० | २८१,१११ | ६१८,८८९ |
| ३७१,७२७ | ५८०,००० | २२,२११ | इन्धन | ५८०,००० | ३७१,७२७ | २०८,२७३ |
| ३११,१३४ | ४४०,००० | २२,२१२ | संचालन तथा मर्मत खर्च | ४४०,००० | ३११,१३४ | १२८,८६६ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १,५३२,१२६ | १,९६५,००० | २२,३११ | कार्यालय सम्बन्धी खर्च | १,९६५,००० | १,५३२,१२६ | ४३२,८७४ |
| ३७,०९५ | ७०,००० | २२,३१४ | इन्धन अन्य प्रयोजन | ७०,००० | ३७,०९५ | ३२,९०५ |
| २७४,०३४ | ५४०,००० | २२,४१२ | अन्य सेवा शूल्क | ५४०,००० | २७४,०३४ | २६५,९६६ |
| ३३०,७६५ | ४००,००० | २२,५१० | तालिम तथा गोष्टी | ४००,००० | ३३०,७६५ | ६९,२३५ |
| २१,९८९ | २८०,००० | २२,५२२ | कार्यक्रम खर्च | २८०,००० | २१,९८९ | २५८,०११ |
| ४३३,२१६ | ५३०,००० | २२,६११ | अनुगमन तथा मुल्यांकन खर्च | ५३०,००० | ४३३,२१६ | ९६,७८४ |
| ८२६,३३० | १,०००,००० | २२,६१२ | भ्रमण खर्च | १,०००,००० | ८२६,३३० | १७३,६७० |
| ९२६,६५३ | १,०००,००० | २२,७११ | विविध | १,०००,००० | ९२६,६५३ | ७३,३४७ |
| ७०८,००५ | ७०८,००५ | | अवन्डा | ७०८,००५ | ७०८,००५ | ( |
| १६,६१३,९६५।३ | २१,९६७,९४८।० | **जम्मा** | | २१,९६७,९४८।०० | १६,६१३,९६५।३० | ५,३५३,९८२।७० |

वित्तीय समानीकरण अन्तर्गतको पुजिगत खर्चको २०७५।०३।२८ सम्मको खर्च निम्नानुसार अनुमोदन गरियो ।

| क्र.स. | | बजेट | खर्च |
|---|---|---|---|
| १ | वित्तीय समानीकरण | ८१,७८८,०२४।१५ | ६४,०५६,०००।७५ |
| २ | गत वर्षको वित्तीय समानीकरण | ५,६९८,७०९।०० | ४,२३२,६१८।०० |
| | | ८७,४८६,७३३।१५ | ६८,२८८,६१८।७५ |

| आर्थिक वर्ष २०७५।७६ को चालु तर्फको बजेट अनुमान | | | | | |
|---|---|---|---|---|---|
| | | | जम्मा बजेट | | |
| सि.नं. | रकम नं. | खर्च शिर्षक | गाउपालिका | ६ वटा वडाको | कुल जम्मा |
| १ | | **कर्मचारी पारिश्रमिक तथा सुविधा** | | | ११,४९२,०००।० |
| २ | | बैठक भत्ता | | | १,५००,०००।० |
| ३ | | पारिश्रमिक पदाधिकारी | | | ४,१७३,०००।० |
| ४ | | **कार्यालय सञ्चालन सम्बन्धी खर्च** | ७९३,०००।० | १,२००,०००।० | १,९९३,०००।० |
| ५ | | भाडा | ५००,०००।० | ९६,०००।० | ५९६,०००।० |
| ६ | | धारा बिजुली | २००,०००।० | १४४,०००।० | ३४४,०००।० |
| ७ | | संचार | ४००,०००।० | ३६०,०००।० | ७६०,०००।० |

| | | | | | |
|---|---|---|---|---|---|
| ८ | | इन्धन | ७००,०००।० | ३६०,०००।० | १,०६०,०००।० |
| ९ | | संचालन तथा मर्मत खर्च | ५००,०००।० | ३६०,०००।० | ८६०,०००।० |
| १० | | इन्धन अन्य प्रयोजन | १००,०००।० | ३०,०००।० | १३०,०००।० |
| ११ | | भ्रमण खर्च | ८००,०००।० | ७९२,०००।० | १,५९२,०००।० |
| १२ | | कार्यक्रम खर्च | ६४०,०००।० | ३००,०००।० | ९४०,०००।० |
| १३ | | परामर्श तथा अन्य सेवा शुल्क | ६००,०००।० | ३००,०००।० | ९००,०००।० |
| १४ | | अनुगमन, मुल्याङ्कन | ५००,०००।० | ३००,०००।० | ८००,०००।० |
| १५ | | क्षमता विकास कार्यक्रम जनप्रतिनिधि र कमचारी तथा अध्ययन अवलोकन | | | १,०००,०००।० |
| १६ | | विविध खर्च | ७००,०००।० | ६६०,०००।० | १,३६०,०००।० |
| १७ | | चालु भैपरी आउने | ५००,०००।० | ६०,०००।० | ५००,०००।० |
| | | जम्मा | ६,९३३,०००।० | ४,९६२,०००।० | ३०,०००,०००।० |

**अन्त्यमा,**

**यथार्थ धरातलमा उभिएर वजेट तथा कार्यकमको निर्माण गर्ने प्रयास गरिएको छ । उपरोक्त वजेट तथा कार्यकमले सवैलाई समेटेको विश्वास लिएको छु । यस वजेटको सफल कार्यान्वयनवाट विहादीको सर्वाङ्गीण विकासमा कोशेढुङ्गा सावित हुने अपेक्षा गरेको छु । बजेट कार्यान्वयनका लागि सवै सरोकारवालाहरुको साथ, समर्थन तथा सहयोग र सकारात्मक दवावको अपेक्षा गर्दै बिदा हुन्छु ।**

धन्यवाद, नमस्कार

डम्वरकुमारी गुरुङ्ग
उपाध्यक्ष,
विहादी गाउंपालिकापालिका, पर्वत ।